नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा
केशरमहल

**प्रकाशन मिति २०७५/८/२७**

# फरेष्ट्री (Forestry) स्नातक तहको छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त माग सम्बन्धी अत्यन्त जरुरी सूचना

**काठमाडौं फरेष्ट्रि कलेजबाट यस वर्षको लागि प्राप्त** फरेष्ट्री (Forestry) स्नातक तहका लागि **५ ( पाँच) सीट छात्रवृत्तिमा विद्यार्थी मनोनयन गरी पठाउन लेखी आएकोले** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५/८/२६ को निर्णानुसार जम्मा सिटमध्ये साधारण तर्फ ३ सिट, महिला तर्फ १ सिट र जनजाती तर्फ १ सिट गरी **समूहगत** सिट विभाजन भएकोले **उक्त छात्रवृत्तिमा** बन विज्ञान अध्ययन संस्थान, पोखराबाट शैक्षिकसत्र २०७५ मा लिएको प्रवेस परीक्षामा उत्तीर्ण भई मेरिट लिस्टमा (Merit List)नाम समाबेश भएका इच्छुक विद्यार्थीले **मिति २०७५ मंसीर २७ गते देखि २०७५ पुष ६ गते सम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा केशरमहलमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।**

१) दरखास्तको म्याद :
**मिति २०७५ मंसीर २७ गते देखि २०७५ पुष ६ गते सम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा केशरमहलमा** दरखास्त दिन सकिने छ । दरखास्त फाराम **छात्रवृत्ति** शाखा, केशरमहलबाट प्राप्त हुनेछ ।

२) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरुले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा **छात्रवृत्ति** शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर दरखास्त साथ बुझाउनु पर्नेछ ।

३) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

- ❖ पूर्ण रुपमा भरिएको आवेदन फाराम
- ❖ राजस्व बुझाएको सक्कल भौचर
- ❖ नागिरकता प्रमाण पत्रको प्रतिलिपि
- ❖ त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- ❖ १० जोड २/प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- ❖ शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकासकेन्द्रबाट प्रतिशत खुलाएको पत्र समेत पेस गर्नुपर्ने छ ।
- ❖ एसएलसीको मार्कसिटको प्रतिलिपि
- ❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्म मिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

**४) आरक्षण समूह तर्फको लागि**

क) SLC उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भनी शिक्षा विकास तथा समन्व इकाइले प्रदान गरेको सिफारिस पत्र

ख) सम्बन्धित गाउँ पालिका वा महा/उपमहा/नगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली,२०६० को अनुसूची अनुरुपको ढाचामा मिति २०७५ साल मसीर २७ गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७५।०८।०६ सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।

ग) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

- जनजातीको सिफारिस : आदिवासी जनजाती उत्थान राष्टिय प्रतिष्ठानबाट वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

घ) आरक्षणका लागि पेश गर्नुपर्ने कागजातहरु प्राप्त हुन नआएमा दरखास्त आरक्षण तर्फ अस्विकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

*विपन्नताको सिफारिसको ढाँचा*

**_अनुसूची-१ ख**
**(नियम १३क को उपनियम (३) सँग सम्बन्धित)**

**श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**छात्रवृत्ति शाखा, केशरमहल, काठमाडौ ।**

**विषय :- विपन्नको सिफारिस गरिएको ।**

**उपरोक्त सम्बन्धमा श्री ....................... को नाति/नातिनी श्री ....................... .. को छोरा/छोरी ........... जिल्ला ................ गा.पा./न.पा./उ.म.न.पा/म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ....................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।**

**सिफारिस गर्नेको,-**
**सही :**
**नाम:**
**पद:**
**कार्यालय:**
**मिति:**

**कार्यालयको छाप:**